Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाकोकार्यालय
गैडहवा–३,विष्णुपुरा रुपन्देही
लुम्बिनी प्रदेश नेपाल

प.स:०७९/०८०
तेस्रो पटक प्रकाशित मिति:२०७९/०८/१६
च.नं/राजश्व/

## आन्तरिक आय संकलन(ठेक्का बन्दोबस्त) सम्बन्धी ७ दिने सूचना !

गैडहवा गाउपालिकाको आन्तरिक आय संकलनको लागि स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम तपसिल बमोजिमको ताल,पोखरी,गडहाको ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि वोलपत्र खरिद गरि देहायको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ ।अन्य थप जानकारीका लागि गाउ कार्यपालिकाको सुचनापाटी वेभसाईट www.gaidahawamun.gov.np तथा कार्यालय समयभित्र यस गाउकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिन्छ ।

ठेक्का विवरण

| क्र.स. | आय ठेक्का नं | ठेक्का विवरण | न्युनतम अंक | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | १/गैडहवा/राजश्व/२०७९-०८० | ढेलफोरवा पोखरी गैडहवा-१ | ४९७२२/- | १०००/- | |
| २ | ४/गैडहवा/राजश्व/२०७९-०८० | बैरिहवा दक्षिण टोल (३वटा)गैडहवा-५ | ४९५०००/- | १०००/ | |
| ३ | ५/गैडहवा/राजश्व/२०७९-०८० | गुलहरिया गाउ दक्षिण लुम्बिनी रोड पुर्व पोखरी गैडहवा-६ | ६६००००/- | १०००/ | |
| ४ | ७/गैडहवा/राजश्व/२०७९-०८० | बैरिहवा बीच टोल गडहा/ बैरिहवा उत्तर टोल गडहा | ५३६२५०/- | १०००/ | |
| ५ | ८/गैडहवा/राजश्व/२०७९-०८० | गिदहिया मुर्दहिया गडहा गैडहवा-५ | २५३२७५/- | १०००/ | |
| ६ | ११/गैडहवा/राजश्व/२०७९-०८० | बरगदहिया गडहा गैडहवा-२ सडहवा | ४९५००/- | १०००/ | |
| ७ | १४/गैडहवा/राजश्व/२०७९-०८० | बडका गडहा गैडहवा-२ पडौरा | २५०७८/- | १०००/ | |
| ८ | १९/गैडहवा/राजश्व/२०७९-०८० | बगहवा पोखरी गैडहवा-४ | ३११८५/- | १०००/ | |

शर्तहरु:

१. बोलपत्र खरिद २०७९/०८/२५ गते सम्म कार्यालय समय भित्र गैडहवा गाउकार्यपालिकाको कार्यालय गैडहवा-३ रुपन्देहीबाट खरीद गर्न सकिनेछ ।खरिद भएका बोलपत्रहरु २०७९/०८/२६ गते दिनको अपरान्ह १२:०० वजे भित्र सम्म गैडहवा गाउकार्यपालिकाको कार्यालय गैडहवा-३ रुपन्देहीमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिन २:०० बजे खोलिनेछ ।

२. बोलपत्रको खामको बाहिर पट्टी ठेक्का नं,ठेक्का बिबरण र नाम प्रष्ट बुझिने गरि लेख्नु पर्नेछ ।बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको छुट्टा छुट्टै बोलपत्र फारम खरिद गरि छुट्टा छुट्टै दर्ता गर्नु पर्नेछ । यस गाउपालिकाको वेभसाईटबाट समेत www.gaidahawamun.gov.np बोलपत्रको सूचना हेर्न सकिन्छ ।

३. ठेक्का लिन चाहने ईच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी बैंक दाखिला राख्नु पर्नेछ। धरौटी वापत यस गैडहवा गाउकार्यपालिकाको कार्यालय गैडहवा-३ को एन.आई.सी. एशिया बैङ्क गैडहवा शाखाको ११०CA५००१४८१६००४ धरौटी खातामा रकम जम्मा गरेको भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैङ्कबाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिड बण्डको सक्कल प्रति दरभाउपत्र साथ पेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरि आव्श्यक कागजात सहित कार्य समझौताको लागि सम्पर्क राख्नु पर्नेछ ।

५. बोलपत्र खरिदकर्ताले आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन ।

६. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट माथी उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ, साथै त्यसै वमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ ।

७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै कार्यालय र बोलपत्रदाता बीच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम हुनेछ ।

८. प्रचालित नियमानुसार कालो सूचीमा परेका, गाउपालिका कार्यालयलाई बुझाउनुपर्ने बाकी बक्यौता भएका ब्यक्ति,फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९.माछा मेरको वा विभिन्न किसिमका समस्या एवम बहाना देखाई किस्तामा कुनै किसिमको छुट पाईनेछैन ।

१०.ठेक्का वन्दोवस्तको अवधि मिति २०८४ बैशाख मसान्त सम्मका लागि लागु हुनेछ ।

११.ठेक्काको कबोल अंकको ४० प्रतिशत रकम (धरौटी बाहेक) र अग्रिम आयकर वापतको रकम सम्झौताका बखत एकमुष्ठ रुपमा जम्मा गर्नु पर्नेछ । बाकी रहेको ६० प्रतिशत रकमको मान्यता प्राप्त बैंकबाट बैंक जमानत पेश गर्नु पर्ने छ । बाकी रहेको दोस्रो किस्ता (३०%) रकम २०८० चैत्र मसान्त भित्र र तेस्रो किस्ता (३०%) रकम २०८२ साल चैत्र मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

यस सूचनामा उल्लेख भएका शर्तहरु लगायत यस गाउँकार्यपालिकाको निर्णयानुसार दिईने सुझाव यस ठेक्का प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन ।

१२.यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम लागू हुनेछ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत